"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्या:२०७७।०७८
चलानी नम्बर: १०५०

मितिः २०७७।१०।२३

**विषयः ५० प्रतिशत अनुदान साझेदारीमा हिउँदे फलफूल विरुवा रोपण अभियान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना।**

आर्थिक वर्ष २०७७।०७८ का लागि सशर्त अनुदान मार्फत प्राप्त ५० प्रतिशत अनुदान साझेदारीमा हिउँदे फलफूल विरुवा रोपण अभियान कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत **"फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल विरुवा रोपण तथा फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया २०७७"** ले देहायमा उल्लिखित लक्षित समुहसँगको ५० प्रतिशत अनुदान साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेकोमा हिउँदे फलफूलका विरुवा **(किवी, दाँते ओखर, सुन्तला, कागती, एभोकार्डो, जुनार, नासपाती)** कम्तीमा २ रोपनी क्षेत्रफलको बाँझो जग्गामा रोप्ने व्यवसायिक कार्ययोजना सहित यही **मिति २०७७ साल फागुन ०७ गतेभित्र** सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकको आर्थिक विकास शाखामा संलग्न कागजात सहित प्रस्ताव/आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका आवेदन/प्रस्ताव उपर कुनै कारवाही नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**प्रस्ताव/आवेदनका लागि योग्य लक्षित समुहहरु:**

भूमिहिन कृषक/करार खेती, वा व्यवासायिक कृषक वा विदेशबाट फर्केका युवाहरु वा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचीकृत भएका युवाहरु वा निजी कृषि फर्म वा कृषक समुह तथा सहकारीहरु वा स्थानीय युवा क्लबहरु वा स्थानीय टोल विकास संस्थाहरु वा कम्पनी तथा अन्य संघसंस्थाहरु।

**लक्षित समुहले प्रस्ताव/निवेदन साथ संलग्न गर्नुपर्ने कागजात/विवरण:**

१. कृषक समुह/समिति/सहकारी संस्था/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
२. कार्यक्रम सञ्चालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा,
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी,
४. समुह/समिति/सहकारी संस्था/फर्मको निर्णयको प्रतिलिपी,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस, र
६. हिउँदे फलफूलको विरुवा रोपण सम्बन्धी व्यवसायिक कार्ययोजना।

**पुनश्चः** यस कार्यक्रममा सहभागिता जनाउने लक्षित समुहले कम्तीमा २ रोपनी क्षेत्रफलको बाँझो जग्गामा फलफूलका विरुवा रोप्ने गरी पेश गरेको व्यवसायिक कार्ययोजनामा उल्लिखित लागत अनुमान र यस कार्यालयको आर्थिक विकास शाखाबाट स्वीकृत कार्यविधि बमोजिम तयार हुने लागत अनुमानमा जुन घटी हुन्छ त्यसको बढीमा ५० प्रतिशत रकम मात्र अनुदान उपलब्ध गराइने र अनुदानका लागि लक्षित समुहको छनोट **सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** मा व्यवस्था भएको **कार्यक्रम कार्यान्वयन निर्देशक समिति**को निर्णयानुसार गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

२०७७।१०।२३

(श्री सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत